चन्द्र शमशेरको पलामा बनेको चित्लाङको पौवा पुर्ननिर्माण पश्चात् 'चिटिक्क' । पृष्ठ ५

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-०६ ● २०८१ भाद्र १० गते सोमबार, ● 26 August, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## हिलोजात्रा मनाइयो

विकास संवाददाता
थाहानगर



मकवानपुरको थाहा नगरपालिकाको घट्टेचौरमा शंखासुर राक्षसलाई हिलोमा गाडेर बध गरेको खुशीयालीमा परम्परादेखि मनाइदै आएको हिलेजात्रा यसपालि ६ भाद्रमा मनाइएको छ । पानी परिरहेको भएपनि छाता ओढेर दर्शकहरूले हिलेजात्राको अवलोकन गरिरहेका थिए । झरीमा नै लाखे नाँचलगायत विभिन्न नृत्यहरू प्रस्तुत गरिएको थियो ।

हिलेजात्रामा यसपटक स्कुले विद्यार्थीहरू पनि सहभागी भएका छन् । जनकल्याण माविको प्राङ्गणमा जात्रा लाग्ने भएपनि विद्यालय विदा थिएन । यसले गर्दा विद्यार्थी सहभागी नहुने कुरै भएन । खेतबारी नजिकै भए पनि थाहा नगरका विद्यार्थीहरू बढ्दो शहरीकरणको प्रभावस्वरूप प्रकृति र परम्पराबाट टाढा हुँदै गएको अनुभव भएपछि विद्यालयले आफ्ना विद्यार्थीहरूलाई समेत हिलेजात्रामा सहभागी गरायो ।

विद्यार्थीलाई हिलेजात्रामा सहभागी गराउनुको अर्को कारण यहाँका किसानहरू अचेल तरकारी तथा अन्य नगदेबालीतर्फ आकर्षित भए, धान खेति हुन छोड्यो, त्यसैले उनीहरूलाई धान रोपाइँबारे जानकारी गराउनु पनि थियो । गाईजात्राको पर्सीपल्ट मनाइने हिलेजात्रामा खेतीपाती, देव-दैत्यबीचको द्वन्द्वसँग जोडिएको परम्परागत नृत्य, लाखे नाच, रोपाइँ अभिनय र प्रहसन हुन्छ । थाहा-२ को पालुङ तथा देउला बस्ती, थाहा-३ को गोपाली बस्तीलगायतका स्थानबाट निकालिएको हिलेजात्रा थाहा-३ को घट्टेचौरमा पुगेर एकीकृत भई नेवार समुदायले पुजाआजा गरेर प्रस्तुत गरेका थिए । किंवदन्तीअनुसार देवता र राक्षसहरूबीच लडाइँ गर्दा हिलोमा गाडेर राक्षसहरूलाई बध गरेको खुसीयालीमा यस क्षेत्रका नेवार समुदायले वर्षेनि हिलेजात्रा मनाउँदै आएका हुन् । धर्म र संस्कृति सम्बन्धी अध्ययन गर्दै आएका पूर्व शिक्षक रामचन्द्र फुर्सदीका अनुसार देवताहरूले राक्षसलाई हिलोमा गाडेर बध गरेको खुसीयालीमा यस क्षेत्रका नेवार समुदायले वर्षेनि गाईजात्राको पर्सिपल्ट हिलेजात्रा मनाउने गर्छन् । अर्कोतिर दामन-पालुङ क्षेत्रमा रोपाइँ सकेको सन्देश दिन पनि हिलेजात्राको आयोजना गरिएको स्थानीयवासीहरूको भनाइ छ ।

करिब ५ सय वर्ष अघिदेखि दामन पालुङका नेवारी समुदायले हिलेजात्रा मनाउँदै आएका छन् ।

## मकवानपुरको थाहासहित ३ पालिकामा मात्र शतप्रतिशत विद्युतीकरण



◆ विकास संवाददाता

मकवानपुरको १० पालिका मध्ये ३ वटा पालिकामा मात्र शतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी ७ पालिकामा अझै शतप्रतिशत विद्युतीकरण हुन नसकेको नेपाल विद्युत प्राधिरणले जनाएको छ । प्राधिकरणले विस्तृत अध्ययन गरी तयार पारेको 'विद्युतीकरण तथ्यांक २०८१' मा यो तथ्याङ्क उल्लेख गरिएको छ ।

तथ्याङ्क अनुसार थाहा नगरपालिका, इन्द्रसरोवर गाउँपालिका र हेटौंडा उपमहानगरपालिकामा शतप्रतिशत विद्युतीकरण भएको छ । जिल्लामा सबैभन्दा कम विद्युतीकरण भएको पालिका भीमफेदी हो । यस पालिकाको कुल घर धुरीमध्ये ९९.६३ प्रतिशतमा मात्र विद्युतीकरण भएको तथ्याङ्कमा उल्लेख छ ।

त्यसैगरी कैलाश गाउँपालिकामा ९९.८८ प्रतिशत, बकैयामा ९९.८९, बागमतीमा ९९.९०, मकवानपुरगढीमा ९९.६६, मनहरीमा ९९.८७ र राक्सिराङ गाउँपालिकामा ९९.९० प्रतिशत विद्युतीकरण भएको छ । तथ्याङ्क अनुसार मकवानपुरको कुल १ लाख ७ हजार ९०९ घरधुरी मध्ये ९९.९३ प्रतिशत घरमा विद्युतीकरण भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

प्राधिकरणको तथ्याङ्क अनुसार मकवानपुरमा दुईवटा सबस्टेशन मार्फत २४.६ मेघाभोल्ट एम्पियर (एमभिए) लाइन वितरण भैरहेको छ । यस अन्तर्गत मनहरी गाउँपालिकाको १६.६ र मार्खुमा रहेको सबस्टेशनबाट ८ एमभिए क्षमताको रहेको छ । मकवानपुरमा ३३ केभिको ५२.१८ किलोमिटर विद्युत लाइन विस्तार भएको छ भने ११ केभिको ९ सय ७८.३० किलोमिटर लाइन विस्तार भएको छ । त्यस्तै ग्राहकहरू समक्ष पुर्‍याइने शाखा लाइन (एलटी) २ हजार ५ सय २२.४७ किलोमीटर विद्युत लाइन विस्तार भएको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

मकवानपुर जिल्लामा ३ वटा सब स्टेशन निर्माणाधिन अवस्थामा भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख गरिएको छ । यस अन्तर्गत थाहा नगरपालिका, बकैया गाउँपालिकाको हात्तीसुढे र बागमती गाउँपालिकाको र इगाउँमा ८/८ एमभिए क्षमताको सबस्टेशन निर्माण भैरहेको तथ्याङ्कमा उल्लेख छ ।

## विद्युत महशुल तिर्न बाँकीको लाइन काटिने


◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले भाद्र ११ गतेबाट वक्यौता महशुल नतिर्ने ग्राहकहरूको लाईन काट्ने अभियान संचालन गर्ने भएको छ ।

प्राधिकरणले बाँकी वक्यौता महशुल उठाउन भाद्र ११ गतेबाट भाद्र मसान्तसम्मलाई बाँकी वकयौता महशुल संकलन अभियान घोषणा गरि देशभर एक साथ लाईन काट्ने अभियान संचालन गर्न लागेकोले पालुङ वितरण केन्द्रले पनि साही अनुसार अभियन संचालन गर्ने वितरण केन्द्र प्रमुख माधव न्यौपानेले बताए ।

प्राधिकरणको महशुल संकलन विनियमावली २०७८ अनुसार विद्युत महशुल ६० दिन भन्दा बढीको विद्युत महशुल नतिरेमा लाईन काट्ने व्यवस्था छ ।



जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/०६५/०६६ म.जि.हु.दर्ता नं. २३/०६६/०६७

## • सम्पादकीय •

### तरकारी बजारीकरणमा पालिकाको अग्रसरता

थाहा नगरपालिकाले स्थानीय किसानले उत्पादन गरेको तरकारीको बजारीकरणका लागि पहल शुरु गरेको छ । उत्पादित तरकारीलाई बजार पुऱ्याउनका लागि काठमाण्डौ स्थित चन्द्रागिरि नगरपालिकासंग प्रक्रिया अघि बढाएको छ । थाहा नगरपालिकाले चन्द्रागिरि नगरपालिकासंग सैद्धान्तिक छलदफल गरी उत्पादित तरकारी बजारीकरणका लागि पहल थालेको हो । चन्द्रागिरि १४ ले जियमित रुपमा सञ्चालन गर्ने शहरी हाटमा थाहा नगरपालिकाको किसानहरुले उत्पादन गरेको तरकारीले स्थापन पाउने भएको दुई पालिकाको सहकार्यमा १ भाद्रमा परीक्षण बजारिकरणको अभ्यास समेत गरिएको छ । १ भाद्रमा लागेको हाटमा थाहा नगरपालिकाको तरकारीले बजार पाएका थिए । थाहा नगर पालिकामा भएको प्रारम्भिक छलफल पश्चात् तरकारीको बजारिकरणका दुवै स्थानीय तह सहमत भई अग्रसर भएका हुन् । यस कार्यले किसानहरुप्रति पालिका सरकार चिन्तित छ भन्ने कुरा स्पष्ट रुपमा देखिएको छ । साथै तरकारीको बजारीकरणका लागि स्थानीय सरकारले लिएको पहल निकै सकारात्मक छ । यसले युवापुस्तालाई कृषिमा आकर्षित गर्न सक्नुका साथै किसानको आम्दानी बढाउनसमेत सहयोग पुग्ने देखिन्छ ।

बद्दो जनसंख्यालाई खुवाउन कृषि उत्पादन र उत्पादकत्व बढाउन जरुरी छ । यसका लागि सरकारले विभिन्न शीर्षकमा लगानी पनि गरेको छ । त्यस्तो लगानी आवश्यकताको दाँजोमा निकै कम छ । उत्पादनले बजार नपाउँदा त्यसले युवावर्गलाई खेतीपातीतर्फ आकृष्ट गर्न सकेको छैन । यस्तोमा कृषिमा युवावर्गलाई आकर्षित गराउने पहिलो र महत्त्वपूर्ण उपाय भनेकै कृषिको बजारीकरण हो । किसानले जति सजिलोसँग आफ्ना उपज विक्री गर्न पाउँछन् त्यति उत्पादनमा जुट्न तिनलाई प्रोत्साहन मिल्छ । कृषिक्षेत्रको विकासका लागि केही पूर्वाधारहरूमा संघीय सरकारले काम गर्नुपर्ने हुन्छ तापनि स्थानीय सरकारले यसमा प्रभावकारी काम गर्न सक्छ । संघीयताको विरोधमा बिस्तारै आवाज उठ्न थालेपछि स्थानीय तहको यही विशेषता अर्थात् कृषि उत्पादनमा सहयोग पुऱ्याउने भएकाले स्थानीय तहको भने विरोध भएको पाइँदैन । कतिपय स्थानीय तहले चालू आवका लागि बजेटसमेत नल्याएको पाइन्छ भने कतिपयले राम्रो क्षेत्रमा लगानी गरेर प्रतिफल लिन थालिसकेको अवस्थासमेत छ । स्थानीय तह जति रचनात्मक हुन्छ त्यति नै यी संस्था बलिया हुन्छन् । संघीयताको मर्म नै यही हो ।

तरकारी वा अन्य खेतीमा युवावर्ग आकर्षित नहुनुको कारण नै आफ्नो उत्पादनले बजार पाउँछ कि पाउँदैन भन्ने अनिश्चितता रहनु हो । त्यो अनिश्चितता हटाउन स्थानीय सरकारले काम गर्नैपर्छ । स्थानीय सरकारले स्थानीय आवश्यकता बुझेर काम गर्ने हो । आफ्नो क्षेत्रमा आर्थिक गतिविधि बढाउनु हो । यसका लागि बजारिकरणका साथै कतिपय कृषिकर्ममा समर्थन मूल्य तोकी उत्पादन बढाउनका लागि पौत्साहन गर्ने, उत्पादनमा अनुदानको व्यवस्था गर्ने, कृषि यन्त्र उपकरणमा साँझेदारी गरी किसानलाई कम लगानीमा धेरै फाइदा हुन सक्ने परियोजनाहरुको अवधारणा तयारी गरी आकर्षित गराउने पनि गर्नु पर्दछ । दैनिक विदेशिने संख्याको ग्राफ आकाशिइरहेको अवस्थामा युवामैत्री कृषि लगानीको वातावरण तयारी गरी पालिका सरकारहरुले योजना वद्ध काम गर्ने हो भने आम युवाहरुलाई कृषितर्फ आकर्षण गर्न सकिन्छ भने खेतीपाती गरिरहेका किसानहरुलाई प्रोत्साहन भई उत्पादनमा वृद्धि समेत हुनेछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कसरी प्रयोग गर्ने सामाजिक सञ्जाल ?



◆ अमृता लम्साल

भारतकी पूर्व युनियन मिनिष्टर तथा बीजेपीकी स्मृति इरानी हदैसम्मको अपमानजनक कुराहरू लेखेर ट्रोल भइर हेकी छिन्। भारतीय लोकसभाका विपक्षी नेता तथा भारतीय नेशनल कङ्ग्रेसका सदस्य राहुल गान्धीले १२ जुलाई, २०२४ मा सामाजिक सञ्जाल 'एक्स'मा लेखे- 'जित र हार भन्ने कुरा जीवनमा भइरहन्छ । यसलाई लिएर, श्रीमती स्मृति इरानी या अन्य नेताहरूलाई अभद्र शब्दहरू लेख्ने काम बन्द गरौं ।' राहुलले अंग्रेजी भाषामा लेखेको पोस्टको भावार्थ यस्तै थियो।

स्मृति इरानी, गत चुनावमा अमेठीबाट चुनाव लडेकी थिइन्। उनले सन् २०१९ को चुनावमा राहुल गान्धीलाई ५५ हजार भोटको अन्तरमा हराएकी थिइन्। सायद, त्यही दम्भले होला उनले चुनाव प्रचारको क्रममा भनेकी थिइन्– 'चुनावमा बीजेपीको कुनै साधारण कार्यकर्ताले पनि गान्धी परिवारलाई सहजै हराइदिन सक्छ।' तर, यो पटकको चुनावमा कंग्रेसको तर्फबाट पहिलोपटक चुनाव लडेका किशोरीलाल शर्माले १ लाख ६० हजार मतको अन्तरले हराइदिए। यसै कारण, स्मृतिलाई लक्षित गर्दै अपमानजनक कुराहरू लेख्दै ट्रोलको बाढी आइरहेको छ। यहाँ, चुनावको कुरा गर्न खोजिएको होइन। सामाजिक सञ्जाल प्रयोग गर्ने व्यक्तिहरूले सामाजिक सञ्जाललाई कसरी खराब बाटोमा लगिरहेछन् भन्ने सन्दर्भ हो।

हुनत, सामाजिक सञ्जालले गरेको नकारात्मक कार्य वा प्रभावबारे उल्लेख गऱ्यो भने फेरि सरकारले एउटै उपाय मात्रै देख्छ, त्यो हो 'बन्द गरिदिने।' यहाँ, टिकटकले त त्यो नियति भोगिनैसक्यो। नेपालको सन्दर्भमा कुरा गर्ने हो भने, कतिपय सामाजिक सञ्जालका प्रयोगकर्ताहरूले नेतृत्व वर्गका मानिस, महिला, सामाजिक अभियन्ताहरूको हुर्मत नै लिएर छाड्छन्। ती प्रयोगकर्ताहरू, कुनै विषयमा तार्किक बहस गरेर मुद्दालाई प्रवर्धन गर्ने वा किनारा लगाउनुको साटो अश्लील गाली-गलौज गरेर डिप्रेसनमै पुऱ्याउने स्थिति बनाइदिन्छन्। त्यस्ता कमेन्ट लेख्नेहरू धेरैजसो छद्मनामधारी नै हुन्छन्। राज्य पनि त्यस्ता व्यक्तिहरूलाई निस्तेज पार्न विद्यमान कानुन नपुग भए कानुनको तर्जुमा गर्नुको साटो, सामाजिक सञ्जाल नै बन्द गराउने बाटो रोज्छ। त्यसको प्रमाण मन्त्रिपरिषद्को निर्णयमा २०८० कात्तिक २६ गते बन्द गरेको 'टिकटक'लाई लिन सकिन्छ। सरकारले टिकटक बन्द गरेपछि व्यापक विरोध पनि भयो; तर सरकारले सुनेन। यसको विरोध गर्नेहरूका अनुसार नेपालमा सामाजिक सञ्जाल बन्द गर्ने कानुन नै नभएको भनेर समाचारमाध्यमहरूमा आएको थियो।

यसै प्रसंगमा बीबीसी नेपालीको वेबसाइटमा २०८० साल कात्तिक २९ गते प्रकाशित 'सरकारले कुन कानुन देखाएर बन्द गऱ्यो टिकटक' शीर्षकको समाचार मा लेखिएको छ– "कानुन आयोगको अध्यक्ष समेत रहिसकेका पूर्व मन्त्री माधव पौडेल सामाजिक सञ्जाल सेवा प्रदायकहरूलाई नियमनका लागि सरकार ले संसद्बाट पारित गराएर कानुन बनाउनुपर्ने बताउँछन्।" "हाम्रोमा परम्परागत माध्यमलाई नियमन गर्ने कानुनहरू मात्रै छन्। सामाजिक सञ्जाल वा अनलाइन माध्यमलाई नियमन गर्न तिनीहरूले सक्दैनन्। त्यसका लागि विशेष ऐन आवश्यक पर्छ" उनले आफ्नो विचार व्यक्त गरे। जसले जेसुकै भने पनि सरकारलाई टिकटक बन्द गर्नु थियो गरिदियो। यसमा अझ रमाइलो कुरा के छ भने, अधिकांश व्यक्तिहरूले भीपीएन राखेर टिकटक चलाइरहेछन्, सरकार का प्रतिनिधिहरू वा साइबर ब्युरो वा प्रहरी सबैको नाकै अगाडि टिकटक भिडियोहरू पोस्ट भइरहेछन्। तर, ती कसैले पनि देख्दैनन् वा हेर्न चाहँदैनन्।

त्यति मात्रै होइन, आफू सामाजिक सञ्जालमा चरम दुर्व्यवहारमा परेपछि, गत फागुन ८ गते साइबर ब्युरोमा उजुरी दर्ता गराउन जाँदा त्यहाँका प्रवक्ताका अनुसार, साइबर ब्युरोले टिकटकमा गरिएको दुर्व्यवहारबारे उजुरी लिन मिल्दैन। किनकि, आधिकारिक आधारमा नेपालमा टिकटक बन्द गरिएको छ। ट्विटरमा पनि ब्लुटिक नभएको मान्छेको विरूद्ध पनि उजुरी लिइँदैन, त्यो पनि आधिकारिक होइन। सर्वसाधारणलाई त्यसो भनेर उजुरी नलिनेहरूले, कुनै नेता वा शक्तिशाली व्यक्तिका बारेमा सामाजिक सञ्जालमा केही लेखियो भने तुरून्तै पक्राउ समेत गरेको पाइन्छ।

विद्युतीय कारोबार ऐन २०६३ मा विद्युतीय सञ्चारमाध्यमबाट हुने कारोबार लाई नियमित र व्यवस्थित गर्ने प्रयोजनको लागि ल्याइएको थियो। तर पनि, यसमा साइबर अपराधलाई समेटिएको छैन। अर्को, फौजदारी संहिताको भाग तीनमा दफा ३०७ ले पनि सामाजिक सञ्जाल मार्फत हुने कसूरलाई नसमेट्ने कुरा कानुनविद्हरू बताउँछन्। सम्बन्धित विषयका ज्ञाताहरूका अनुसार, उक्त दफाले पनि साइबर क्राइमलाई समेट्दैन। यसबाट, सरकारी निकायलाई बेफाइदा भने पटक्कै भएको छैन। कारण, टिकटकबाट मजा लिनेले लिएकै छन् र कसैले, टिकटकबाट आफ्नो गालीबेइज्जती भयो वा बदनाम गरियो भनेर उजुरी दिन जाँदा, नेपाल प्रहरी अन्तर्गत रहेको साइबर ब्युरोले, 'यहाँ टिकटक बन्द भइसकेकोले हामीले यसमा केही गर्न मिल्दैन' भनेर उजुरीकर्तालाई फर्काउन पाएको छ। यसको उदाहरण, यो पंक्तिकार आफैं छु।

काठमाडौं महानगरपालिकाका नगर प्रहरीहरूले ठेलावालाहरूलाई अमानवीय व्यवहार गरेको विषयमा 'एक्स'मा लेख्दा यति अश्लील र अपमानजनक कुराहरू लेखिए कि, त्यतिबेलासम्म जे-जस्तो टिप्पणी आए पनि वास्ता नगरी बसेको मान्छे, नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्युरो, भोटाहिटीमा उजुरी गर्न पुगियो। २०८० साल फागुन ८ गते, 'आवश्यक कारबाही गरिपाउँ' भनेर हालेको उजुरीमा, 'प्रस्तुत विषयमा सामाजिक सञ्जाल ट्विटर मार्फत (कार्यालयकै कर्मचारीले लेखिदिएको उजुरीमा 'एक्स' होइन, ट्विटर नै लेखेको छ) मेरो बारेमा विभिन्न खालका सामाजिक सद्भाव भड्काउने कुराहरू पोस्ट गरी मेरो सामाजिक रूपमा चरित्र हत्या गरेकोले उल्लिखित लिंक भएका व्यक्ति पत्ता लगाई आवश्यक कारबाही गरिपाउँ' भनेर लेखेको छ। आजसम्म, उक्त निवेदनको बारेमा केही खबर पाएकी छैन।

तर, विडम्बना ! सोही कार्यालयमा काम गर्ने महिला इन्स्पेक्टर नै, 'लेख्न कम गरे हुन्न ? बिरामी पनि हुनुहुँदोरहेछ, किन स्ट्रेस लिने काम गर्नुहुन्छ ?' भनेर हतोत्साही गराउँदै हुनुहुन्थ्यो।

उहाँभन्दा माथिको अधिकृतले भने अनुसार, साइबर ब्युरोले 'ब्ल्यु टिक' नलिएका सामाजिक सञ्जालका खातावालाहरूलाई आधिकारिक नमान्ने हुँदा, उनीहरूले लेखेका कुराहरूमा पनि कारबाही गर्न मिल्दैन रे ! यहाँ ती सरकारी कर्मचारीहरूको नाम लेख्न नमिल्नुको कारण, उहाँहरूसँग यसबारेमा अनुमति लिएकी थिइनँ। हुनत, ती माथिल्लो पदका व्यक्तिले 'गाली बेइज्जती'मा मुद्दा हाल्ने सल्लाह पनि दिनुभएको थियो; तर, हरेक पटक अदालत धाउने, वकीलहरूलाई मोटो रकम चढाउने औकात र जाँगर सबै जनासँग कहाँ हुन्छ र ? सामाजिक सञ्जालहरूको सबै राम्रो पाटो मात्रै छैन। यसले धेरैको घर उजाड्नेदेखि लिएर फेक न्युजको प्रचार प्रसार, व्यक्तिका निजी कुराहरूलाई विना अनुमति सार्वजनिक गर्ने, बुलिंग र दुर्व्यवहार गर्ने, हुँदै नभएको घटनाहरूलाई अतिरञ्जित गर्ने, डिप्रेसन गराउने आदि कृत्यहरूको बढोत्तरी गराउँदै गएको छ । केही व्यक्तिहरूले त फेसबुकमा लाइभ देखाएर आत्महत्या गर्ने, म आत्महत्या गर्दैछु भन्ने स्टाटस लेखेर आत्महत्या गर्ने जस्ता सोच्नै नसकिने व्यवहार पनि देखाएका छन्।

उपयुक्त कानुन नहुँदा कतिपय व्यक्तिहरू, त्यसमा पनि महिलाहरूले सामाजिक सञ्जालहरूमा हदैसम्मको अपमान सहिरहनुपरेको छ। हुनत, पुरूषहरूलाई पनि बुलिंग नहुने त होइन; तर, महिलाहरूलाई त सीधै चारित्रिक लाञ्छना नै लगाइहाल्छन्। त्यसले दिने मानसिक तनावको लेखाजोखा कानुनै छैन भनेको अवस्थामा कसले गर्ने ? माथि उल्लिखित सबै कुराका वावजुद, सामाजिक सञ्जालबाट धेरै लाभ लिन सकिन्छ। यसको केही उदाहरणहरू आफैंसँग पनि सम्बन्धित छन् । यो पंक्तिकारले, सामाजिक सञ्जालमा पढेको पोस्ट पहिलो पटक कसैको लागि मद्दतको आवाज र रकम समेत संकलन गर्न सहयोग गरेको विक्रम संवत् २०६८ साउन ८ गते– त्यतिबेला अष्ट्रेलियामा पीएचडी गर्दै गर्नुभएकी लक्ष्मी तामाङले, बाह्र वर्षको उमेरमा आठ किलो मात्रै

बाँकी पेज ३ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

### कसरी प्रयोग गर्ने ... . . .

तौल भएकी जमुना बुढा मगरको फोटो राखेको देखेपछि हो।

अधिकांश रूपमा सोमालिया र रूवान्डामा देखिने भोकमरीले ग्रस्त अस्थिपञ्जर मात्रै भएको शरीर कम्तीमा त्यसबेलासम्म नेपालमा देख्ने सोच नबनाइसकेका यी आँखाहरूले रूकुमको दुर्गम गाउँमा जन्मिएकी जमुना बुढा मगर को फोटोमा देख्नुपर्दा पहिले त फोटो क्लिक गरेर ठूलो पारेर हेर्ने हिम्मत पनि भएन। तर फोटो क्लिक नगरेर वास्तविकतासँग भाग्दैमा स्थितिको सामना हुँदैनथ्यो। साउन ८ गते आइतवार बेलुकातिर आफू बसेको ठाउँमा सोमवार बिहान भेरी अञ्चल अस्पताल बाँकेमा कार्यरत नेपाल मेडिकल एशोसिएसनका कम्प्युटर प्रोफेसनल अरूण खनालले फेसबुकमा राख्नुभएको फोटोलाई अर्का सक्रिय व्यक्तित्व सुशीलचन्द्र लेखकले देखेपछि उहाँलाई विश्वास गर्नै गाह्रो पारेको कुरा व्यक्त गर्दै लेख्नुभएको थियो, "जसलाई मैले विश्वासै गर्न सकिनँ कि नेपालमा पनि यस्तो अवस्थाको बिरामी भेटिएला भनेर। अरूणजीले मैले आफैंले खिचेको हो भने पछि विश्वास लाग्यो र मैले नेपाल पब्लिक हेल्थ प्रोफेसनल ग्रूपको साइटमा राखें जसलाई लक्ष्मी तामाङले हेर्दै हुनुहुन्छ।"

त्यसपछि त रातको निद्रा र दिनको चैन नै हरायो। सबै साथीहरूलाई सहयोगको अपील गर्दै अगाडि बढ्न खोजियो। जमुनाको अवस्थाले झक्झकाएको मनस्थितिले त्यसको दुई दिन जति अगाडि मात्रै आर्थिक सहायताका नाममा सरकारी ढुकुटीबाट एक वर्षमा करिब आठ करोड २० लाख बाँडेको समाचारको याद दिलायो। त्यसरी बाँडेर रकम लिनेहरूमा कांग्रेसका पूर्वप्रधानमन्त्री, कांग्रेस सभापति, एमाओवादी उपाध्यक्ष, सभासद्हरू, सभासद्का छोरा, धर्म सम्मेलन गर्न आदि आदि थिए। जमुनाको समाचार पढेपछि आफ्ना साथीहरू र आफैं समेत भएर २०६८ साल साउन २४ गतेसम्ममा ३ लाख १४ हजार २५४ रूपैयाँ उठाइएको थियो, तर त्यो पैसाको उपयोग नगर्दै, जमुना बुढा मगरको मृत्यु भयो। त्यसपछिका दिनहरूमा सामाजिक सञ्जालको माध्यमबाट थुप्रै काम गरिएको छ। कोही महिलालाई बासको व्यवस्था, कसैलाई रोजगारीमा सहायता, कतै मरोस् भनेर फालेको जसरी राखिएकी शारीरिक रूपले असमक्षता बेहोरिरहेकी महिलालाई अपाङ्ग भत्ता, केही जरूर तमन्दहरूलाई उपचार खर्च, केहीलाई ह्विलचेयरको व्यवस्था जस्ता थुप्रै कामहरू भएका छन्; यहाँ उल्लेख गरेका कुराहरू त आफ्नै सक्रियता र अनुभव मात्रै हो। यस्ता थुप्रै कामहरू अरू साथी र समूहहरूले गरिरहनुभएको छ। त्यसैले सामाजिक सञ्जालको पक्षधर हुन मन लाग्छ। सामाजिक सञ्जालले यो ग्लोबलाइजेसनको जमानामा विश्वको कुनै पनि कुनामा बसेका व्यक्तिहरूलाई एकअर्कासँग जोड्ने, एकअर्कालाई सन्देश पठाउने, मल्टिमिडियाको माध्यमबाट फोटो, भिडियो इत्यादि एकअर्कालाई पठाउने कार्यहरूलाई सहज र निःशुल्क समेत बनाइदिएको छ। कुनै सामाजिक समस्याको बारेमा समूहगत भएर बोल्न सक्ने, आफ्नो व्यापार, विचार, आफ्नो चाखको विषयमा सुसूचित हुनसक्ने कामलाई समयको बचत गरेर सहज पनि बनाइदिएको छ। विश्वको घटनाहरू अध्ययन गर्ने हो भने, 'अरब अपराइजिंग' जस्तो राजनैतिक आन्दोलनको सूत्रपात नै फेसबुकले गराएको हो।

अहिलेको समयमा देश र समाजको लागि उपयुक्त समाचार वा विचारलाई जनमानसमा पुऱ्याउन कुनै समाचार माध्यम कुरेर बस्नुपर्दैन। पहिलेको 'ट्विटर' हालको 'एक्स' को २८० अक्षरको पोस्ट (पैसा तिरेपछि अझ लामो लेख्न पाइन्छ), फेसबुकमा राखिने लामो या छोटो स्टाटस, इस्टामा राखिने क्याप्सन, लिंकडेनमा राखिने वयान (स्टाटस वा फिचर), युट्युबमा आउने लाइभ वा रेकर्डिङ, ह्वाट्सएपमा आएको मेसेज, टिकटकको केही सेकेन्ड या मिनेटको भिडियो, स्न्यापच्याटको कुराकानी आदिबाट नै पनि हामी द्रुततर गतिमा आफूले चाहेका विषय वा मुद्दालाई विश्वसामु पुऱ्याउन सक्छौं। कुनै जमाना थियो, कुनै कुरालाई समाचारमा ल्याउनुपऱ्यो भने हात जोड्दै सञ्चारमाध्यहरूका ढोका धाउनुपर्थ्यो। आजको स्थिति त्यस्तो रहेन। अहिलेसम्म सामाजिक सञ्जालबाट भएको ठूलो सहयोग, धादिङको एउटा बस्तीमा खानेपानीको व्यवस्था गर्ने कामलाई पनि लिन सकिन्छ।

विक्रम संवत् २०७२, वैशाख १२ गते र २९ गतेको विनाशकारी भुईंचालोले मानिसहरूको ज्यान लिने र घरबारविहीन बनाउने काम मात्रै गरेन; त्यसको असरले कतिपय बस्तीहरू विस्थापित हुनसक्ने स्थिति समेत सृजना गरिदिएको थियो। त्यस्तै एउटा बस्ती धादिङ जिल्लाको बेनीघाट गाविस, वडा नम्बर ७, ग्याजा चरौंदीको पनि थियो। सामाजिक सञ्जालकै कारण अधिकार' संस्थाले ४० हजार डलर दियो। त्यसको नेपाली रूपैयाँ करिब ४५ लाख हुन्थ्यो; बाँकी सहयोग गाउँपालिका, स्थानीयको श्रमदान आदि कुराले त्यहाँ खानेपानीको व्यवस्था भयो। अहिले त्यहाँ के कस्तो छ, मलाई थाहा भएन। घरको धारामा पानी खोलेर उद्घाटन गर्ने काम ती गाउँपालिकाका तत्कालीन अध्यक्ष माओवादी केन्द्रबाट निर्वाचित पित्तबहादुर डल्लाकोटी र राष्ट्रिय सूचना आयोगकी तत्कालीन सदस्य यशोदा तिम्सिनाले गर्नुभयो। म कुनामा बसेर हेरिरहें। त्यति पैसा ल्याउन मैले कति खटें भन्ने कुरा त्यहाँ चर्चा पनि भएन। त्यसैले, सामाजिक सञ्जाललाई केवल कसैको चरित्रहत्या गर्ने साधन/माध्यम मात्रै बनाउने कि, काम लाग्ने औजारको रूपमा प्रयोग गर्ने! ध्यानाकर्षण गर्न ढिलो भइसक्यो। कमसेकम, कोही त राहुल गान्धी जत्तिको सुझबुझ भएको व्यक्ति निस्कनुस्! *(अनलाइनखबरका प्रकाशित लेखको अंश)*

# पहिलो बच्चाबाट दोस्रो बच्चाले के–के गुण सिक्न पाउँछ ?



हिजोआज धेरै दम्पतीले एकजना मात्र सन्तान जन्माउने सोच राखिरहेका छन्। यसको मुख्य कारण बढ्दो महँगीलाई मानिएको छ। एक भन्दा बढी बच्चा भएपछि राम्रोसँग लालनपालन गर्न सकिन्छ कि सक्दैन भन्ने डर अभिभावकमा छ। बरू यसको सट्टा एकजना सन्तानलाई गुणस्तरीय शिक्षा, स्वस्थ खानपान र लालनपालन गर्ने सोच राख्छन्।

यो सोचले हिजोआजका बच्चाहरूमा एक्लो बस्ने बानी बसालेको देखिन्छ। एकअर्कासँग मिलेर बस्ने बानी हराउँदै गएको देखिन्छ। जुन बच्चाको व्यवहार मा प्रष्ट झल्किन्छ।

**दोस्रो बच्चा हुनुका फाइदाहरु**

**जिम्मेवारीको गुण:**

परिवारमा आफूभन्दा सानो बच्चा भएमा पहिला जन्मेको बच्चाले आफू ठूलो भएको महसुस गर्छ। बिस्तारै उसले आमाबुवाको सानोतिनो काममा सहयोग गर्नुपर्छ भन्ने जिम्मेवारी बोध गर्छ। यति मात्र नभई उसले आफ्नो काम आफैं गर्ने आफूभन्दा पछि जन्मिएका साना भाइबहिनीसँग खेल्ने, रमाइलो गर्ने र स्याहारसुसार गर्न सिक्छ।

**साझेदारीको गुण:**

पहिलो सन्तान जब एक्लै हुन्छ। उसले वरिपरिको सबै कुरा मेरो हो भन्ने सोच्छ। त्यसैले उसले आफ्नो खेलौना वा अन्य सामान अरूलाई दिन मान्दैन। जसकारण कहिलेकाहीं आमाबुवाले लज्जाबोध गर्नुपर्ने हुन्छ। तर दोस्रो बच्चा हुनेबित्तिकै उसले आफ्नो खेलौना, लुगा, कोठा, खानेकुरा सेयर गर्न सिक्छ। जुन बच्चाको एउटा महत्वपूर्ण गुण हो।

**व्यवहारमा परिवर्तन:**

प्रायजसो एक्लो बच्चा जिद्दी स्वभावको हुन्छ। स–साना कुरामा रिसाउने, झर्को मान्ने हुन्छ। जब उसको भाइबहिनी हुन्छ उसको व्यवहारमा परिवर्तन देख्न सकिन्छ। एकअर्कालाई सहयोग र हेरचाह गर्ने भावना आउँछ। उसले आफ्नो मन मिल्ने साथी पाउँछ। जोसँग खेल्ने र एकअर्कोबीच प्रगाढ सम्बन्ध स्थापित हुन्छ।

**दोस्रो गर्भावस्थाको अनुभव:**

कहिलेकाहीं पहिलो गर्भावस्थामा आएका पीडा सम्झेर दोस्रो बच्चा पाउन योजना नै बनाउँदैनन्। तर दोस्रो गर्भावस्थामा त्यस्तो जोखिम र पीडा नआओस् भनी महिलाले आफैं तयार गर्ने गर्छिन्। यसले जोखिम र समस्यालाई न्यूनीकरण गर्छ।

**ध्यानमा राख्नुपर्ने कुरा**

कहिले पनि साथीभाइको दबाबमा दोस्रो बच्चाको योजना नबनाउनु हुँदैन। पहिला आफूलाई दोस्रो बच्चाको लागि सक्षम बनाउनुपर्छ। आर्थिक रूपमा सबल छ, स्वास्थ्य पूर्ण रूपमा राम्रो छ भने दोस्रो बच्चाको योजना बनाउँदा सुखमय पुष्टि हुन्छ।

यदि आमा अफिस वा गृहिणी भएपनि बच्चालाई समय दिन सकिरहेको हुँदैन। र, दोस्रो बच्चा जन्माउँदा बच्चाको एक्लोपनको बारेमा आमाको चिन्ता कम हुन्छ। पहिलो बच्चाको खेलौना, कपडा, किताब दोस्रो बच्चालाई उपयोगी हुन्छ। दुवै बच्चालाई समान माया र ध्यान दिनुका साथै स्तरीय समय बिताउने बानी बसाल्नुपर्छ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ। बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं। बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं।

"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं। सड्ने फोहरलाई मल बनाऔं। नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं। ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं। विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं।
- समयमै कर तिरौं। सभ्य नागरिकको परिचय दिऔं।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# हेटौंडाको १७ नम्बर वडा बालमैत्री घोषणा



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकालाई यसै आर्थिक वर्षमा बालमैत्री पालिका घोषणाको अभियानमा हेटौंडा-१७ थपिएको छ । ७ भाद्रमा बालश्रममुक्त, बालबिवाहमुक्तु वडा घोषणासँगै हेटौंडा-१७ उपमहानगरको चौथो बालमैत्री वडा भएको हो । यस अघि हेटौंडा-८, २ र ७ नम्बर वडा बालमैत्री वडा घोषणा भइसकेका छन् ।

हेटौंडा-१७ मा आयोजित वडास्तरीय कार्यक्रमबीच हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँले वडालाई बालमैत्री घोषणा गरेका हुन् । कार्यक्रममा नगरप्रमुख लामाले उपमहानगर बालमैत्री र युवामैत्री बनाउँने अभियानलाई अघि बढाउँदै लगेको बताइन् । यसलाई कार्यान्वयनमा लैजानका लागि पालिकाबाट कुनैपनि समस्या नहुँने प्रतिबद्धता जनाइन् । जसरी वडालाई बालमैत्री घोषणा गर्ने अभियानमा स्थानीयबासीको साथ र सहयोग रहेभ्कै यसलाई दिगो बनाउँनका लागि पनि यस्तै सहयोगको आवश्यकता रहेको बताइन् ।

बालमैत्री वडा घोषणाका लागि तोकिएका सूचक पुरा गरे नगरेको अनुगमन गरेसँगै वडालाई बालमैत्री घोषणा गरिदै आएको छ । घोषणासभा हुनुअगाबै वडाका बिभिन्न टोलविकास समूह, आमा समूह, सहकारीको टोलीले र्‍याली प्रदर्शन गरेको थियो ।

## लिजामा मन्त्रालयको अन्तिम परीक्षणः

# मनहरीलाई पन्छाउँदै दोस्रो स्थानमा थाहानगर

◆ विकास संवाददाता

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्तिम परीक्षण पश्चात् सार्वजनिक गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) मा मकवानपुर जिल्लामै थाहा नगरपालिका दोस्रो भएको छ । कार्यविधि अनुसार सूचकमा आधारित प्रमाणहरू पेश गरी दोस्रो स्थान दाबी गरेको मनहरी गाउँपालिका मन्त्रालयको परीक्षणमा तेस्रो स्थानमा पुगेको छ ।

मनहरीले विभिन्न सूचकमा गरी कुल ७७.५० अंक प्रमाणसहित दाबी गरेकोमा मन्त्रालयबाट भएको प्रमाण परीक्षणमा ६.७५ अंक घट्दै ७०.७५ मात्र अंक कायम भएको छ । यो नतिजा मन्त्रालयले ६ भाद्रमा वेवसाइट मार्फत सार्वजनिक गरेको छ । थाहा नगर पालिकाले भने लिजामा ७४.२५ अंक दाबी गरेकोमा मन्त्रालयको परीक्षणमा ७१ अंक कायम भएको छ । यो अंकसंगै थाहा दोस्रो भएको हो । लिजामा हेटौंडा उपमहानगरपालिकाको अग्रता भने अन्तिम परीक्षणमा पनि कायमै रहेको छ । ८८.५० अंक दाबी गरेको हेटौंडाको अन्तिम परीक्षणमा ८६.५० अंक कायम भएको छ । इन्द्रसरोवर गाउँपालिकाले ६१.७५ अंक दाबी गरेकोमा ५५.५० अंक पाएको छ ।

त्यसैगरी भीमफेदी गाउँपालिकाले ६४.७५ अंक दबी गरेकोमा ६३.२५ अंक, मकवानपुरगढी गाउँपालिकाले ६१.२५ दाबी गरेकोमा ६० अंक, बकैया गाउँपालिकाले ६२.२५ अंक दाबी गरेकोमा ६०.२५ अंक पाएको छ । बागमती गाउँपालिकाले ५७.७५ दाबी गरेकोमा ५५ अंक, कैलाश गाउँपालिकाले ६१.५० मा ५६.७५ अंक र राक्सिराङ गाउँपालिकाले



६८.५० अंक दाबी गरेकोमा ६७ अंक अन्तिम परीक्षण पश्चात् पाएको छ ।

### थाहा-इन्द्रसरोवर कहाँ चुक्यो ?

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) मा थाहा नगर पालिकाले आफुले दाबी गरेको विभिन्न १० सूचक मध्ये ४ वटा सूचकको प्रमाणमा चुकेको छ । थाहाले संगठन तथा प्रशासन सम्बन्धी सूचकमा ५.५ अंक दाबी गरेकोमा मन्त्रालयको अन्तिम परीक्षणबाट १ अंक घट्दै ४.५ अंक मात्र कायम भएको छ ।

त्यस्तै वार्षिक बजेट तथा योजना तर्जुमामा पनि पालिकाको दाबी पुष्ट्याँई कमजोर देखिएको छ । यस सूचकमा थाहाले ९.५ अंक दाबी गरेकोमा ८.५ मात्र अंक मात्र पाएको छ । सेवा प्रवाह सूचकमा १०.५ अंक दाबी भएकोमा ९.५ र वातावरण संरक्षण तथा विपद व्यवस्थापन सूचकमा पनि ८ अंक दाबी पेश गरिएकोमा ७.७५ अंक मात्र अन्तिम परीक्षणबाट थाहानगरले पाएको मन्त्रालयबाट सार्वजनिक गरिएको नतिजामा उल्लेख छ ।

यस बाहेक थाहा नगरपालिकाले शासकीय प्रबन्ध, वित्तीय एवं आर्थिक व्यवस्थापन, न्यायिक सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण तथा सहकार्य र समन्वय सूचकमा भने दाबी गरेकै अंक पाएको छ ।

त्यसैगरी इन्द्रसरोवर गाउँपालिकाले शासकीय प्रबन्धमा ८ दाबी गरेकोमा ७ अंक पाएको छ भने संगठन तथा प्रशासनमा ७ अंक दाबी गरेकोमा ६.५ अंक पाएको सार्वजनिक गरिएको नतिजामा उल्लेख छ । वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनमा ६ अंक दाबी गरेकोमा ५.५, वित्तीय एवं आर्थिक व्यवस्थापनमा ८.५ अंक दाबी गरिएकोमा ७, सेवा प्रवाहमा ११ अंक दाबी गरिएकोमा १०.२५ अंक पाएको छ ।

भौतिक पूर्वाधारमा ६.५ अंक दाबी गरिएकोमा ५ र वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा ३ अंक दाबी गरिएकोमा २.५ अंक पाएको मन्त्रालयद्वारा सार्वजनिक नतिजामा उल्लेख छ । इन्खसरोवर गाउँपालिकाले सहकार्य र समन्वय, न्यायिक कार्य सम्पादन र सामाजिक समावेशीकरणका सूचकहरूमा भने दाबी बमोजिमकै अंक पाएको छ ।


## थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिघालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विधालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


# घैटो फुटाउने प्रतियोगिताका स्थायी प्रायोजक

◆ विकास संवाददाता

रामराजा केसी अपरिचित नाम होइन । त्यो पनि मकवानपुर थाहानगर शिखरकोटका लागि उनी भ्कन परिचित छन् । शिखरकोटमा वर्षौंपिच्छे कृष्णाष्टमीको अवसरमा हुने घैटो फुटाउने प्रतियोगिता हुन्छ । रामराजा यो प्रतियोगिताको पहिलो पुरस्कार प्रायोजन गर्ने व्यक्ति हुन् । 'दोस्रो तेस्रो पुरस्कार कस्ले प्रायोजन गर्छ थाहा छैन, पहिलो मैले गर्ने हो'-केसी भन्छन् । मेला आयोजकले रामराजाको प्रस्ताव स्वीकार्छन् र, मेलाको बेला सँधै खबर गरिहाल्छन् । थाहा नगरपालिका वडा नम्बर ४ किटेनी निवासी केसी युवा उद्यमी हुन् । मेला आयोजक मध्येका शिखरकोट बजार व्यवस्थापन समितिका अध्यक्ष मनोज रायमाभ्की भन्छन्-'घैटो फुटाउने प्रतियोगिताको पहिलो पुरस्कारको स्थायी प्रायोजक भनेकै रामराजा दाइ हुन्, उहाँलाई सोधेपछि मात्र अरू पुरस्कारको टुङ्गो लाग्छ ।' प्रतियोगिता शुरू भएको वि.सं. २०५४ सालबाटै पहिलो पुरस्कार उनै रामराजा केसीबाट प्रायोजन हुँदै आएको आयोजकले जानकारी दिएको छ ।

खुशी व्यक्त गर्दै केसी भन्छन्- 'सहयोग गर्न पाउँदा आत्मसन्तुष्टि मिल्छ ।' युवाहरूको धर्म संस्कृतीप्रतिको लगावबाट प्रभावित भएर नै सहयोग गरेको बताउँदै उनी थप्छन्-'बाँचुन्जेल मेला, पर्व, धर्म, संस्कृती प्रवर्द्धनमा निरन्तर सहयोग गरिरहन्छु ।' प्रतियोगिताको प्रथम पुरस्कारको नगद राशी २० हजार रूपैयाँ रहेको छ ।


रामराजा

यस वर्षको प्रतियोगिताको दोस्रो पुरस्कार निकेशराज ढकालले प्रायोजन गरेका छन् । मिठाइ व्यवसायमा रहेका ढकालले प्रतियोगितामा दोस्रो हुने टिमलाई दिइने नगद १३ हजार रूपैयाँ प्रायोजन गरेका छन् । त्यस्तै तेस्रो पुरस्कार मुकेश मिश्रले प्रायोजन गर्ने भएका छन् । प्रतियोगितामा तेस्रो हुने टिमलाई दिइने नगद ७ हजार रूपैयाँ प्रायोजन गरेका हुन् । मिश्र विशाल मोटरसाइकल वर्कसपका प्रोप्राइटर हुन् ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# पालुङ जेसीज कप ब्याडमिन्टनमा १३ टिमको सहभागिता हुने

◆ विकास संवाददाता



मकवानपुर थाहानगरमा क्रियाशील पालुङ जेसीजको आयोजनामा थाहा नगरपालिकामा पहिलो पटक जेसीज कप डबल ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ । प्रतियोगिताका लागि १३ टिमको सहभागिता हुने च्याङ श्रेष्ठले जानकारी दिए ।

यही १३ भाद्रदेखि ३ दिन प्रतियोगिता सञ्चालन हुने भएको छ । थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको थाहा ब्याडमिन्टन कबर्ड हलमा प्रतियोगिता आयोजना गर्न लागेको पालुङ जेसीजका अध्यक्ष निरज रायमाझीले जानकारी दिए । खेलको माध्यमबाट समाजमा रहेका युवालाई जागरूक बनाई समाजमा क्रियाशील राखी समाज निर्माण, समाजको समृद्धि र विकासमा सहयोग हुने उद्देश्यले प्रतियोगिता आयोजना गरेको जेसीजका अध्यक्ष रायमाझीले बताए ।

प्रतियोगिताको लागि नाम दर्ता गर्ने अन्तिम मिति आज रहेको आयोजकले जनाएको छ । प्रतियोगितामा प्रथम, दोस्रो हुनेले क्रमशः नगद १० हजार, ७ हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । हरेक विधागततर्फ उत्कृष्ट हुने खेलाडीलाई पनि पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

हरेक वर्ष आयोजना हुने प्रतियोगिताका लागि प्रथम पुरस्कार स्वर्गीय रणबहादुर रायमाझीले प्रायोजन गरिने भएको छ । स्वर्गीय रणबहादुर निरजका हजुरबुवा हुन् । प्रतियोगिताका लागि फरक सोच र थाहानगर ब्याडमिन्टन संघले समन्वय गर्ने भएको छ ।

# थाहामा लिटिल लाखे र राधाकृष्ण प्रदर्शनी हुँदै

◆ विकास संवाददाता

श्रीकृष्णजन्माष्टमीको अवसरमा मकवानपुर थाहा नगरपालिकाको शिखरकोटमा लिटिल लाखे र राधाकृष्ण प्रदर्शनी हुने भएको छ । १० भाद्र दिउँसो ३ बजेपछि शिखरकोट स्थित फल्चा परिसरमा लाइभ दोहोरी कार्यक्रम आयोजना गरिएको आयोजक शिखरकोट बजार व्यवस्थापन समितिका अध्यक्ष मनोज रायमाझीले जानकारी दिए । गतवर्षहरूमा भन्दा फरक आकर्षणसहित यस किसिमको कार्यक्रम राखिएको अध्यक्ष रायमाझीले जानकारी दिए ।

लाइभ दोहोरीमा कलाकारहरू अजित लोप्चन, प्रिति घर्तीमगर, शितल कल्पना, दीपराज खत्री, सुनिल नेपाल, विश्वराज अधिकारी र रूपचन्द्र सापकोटा रहने आयोजकले जनाएको छ । यसको तयारी पूरा भएको शिखर क्लबले जनाएको छ ।

पर्यटकीय तथा सांस्कृतिक नगरी थाहामा इन्द्रायणी र बज्रवाराहीमाइको जात्रापछि सबैभन्दा बढी भीड लाग्ने शिखरकोटको कृष्ण जात्रामा नै हो । वि.सं. २०५४ सालदेखि निरन्तर रूपमा शिखरकोट बजार व्यवस्थापन समिति र शिखर क्लबको आयोजना तथा गोपाली गाउँको नेवारी संस्कृतिको साँस्कृतिक सहयोगमा आयोजना हुँदै आइरहेको २४ औं घैंटो फुटाउने जात्रा सम्पन्न गर्न थाहा नगरपालिकासहित ८ वटा संस्था जुटेका छन् ।

यस वर्ष घैंटो फुटाउनेसँगै अन्य विविध कार्यक्रमहरू बाल राधाकृष्ण प्रतियोगिता, बाललाखे नाच प्रतियोगिता, तामाङ समुदायको ढ्याङ्ग्रो नाच प्रदर्शनी, गोपाली गाउँ, ओखरबजार तथा पालुङको धिमे बाजासहित लाखे नाच समेत प्रदर्शन गरिने भएको छ । महिला पञ्चेबाजा र महिला खैंचेडी भजनसहित खाना महोत्सवसहित लाइभ लोकदोहोरी सांस्कृतिक प्रस्तुती समेत रहने आयोजकले जनाएको छ ।१० र ११ भाद्रमै थाहानगरको पर्यटकीय क्षेत्रको फोटोहरू समेत शिखरकोट स्थित फल्चा परिसरमा प्रदर्शनी गरिने भएको छ ।

भदौ १० गते कृष्ण मन्दिरमा पूजाआजासहित लिटल राधाकृष्ण प्रतियोगितासहित लिटल लाखे, धिमे बाजा र तामाङ ढ्याङ्ग्रो झाँकीसहित महिला पञ्चेबाजा र खैंजेडी भजन प्रदर्शनी हुनेछ । १० भदौको ३ बजेपछि लाइभ दोहोरी र खाना महोत्सव हुने आयोजकले जनाएको छ भने भादौ ११ गते साँस्कृतिक कार्यक्रमसहित दिउँस १ बजेबाट घैंटो फुटाउने प्रतियोगिता हुनेछ । त्यसपछि श्रीकृष्णको रथयात्रा प्रार म्भ भएर जात्रा समापन गरिने बजार व्यवस्थापन समिति अध्यक्ष मनोज रायमाझीले जानकारी दिए । रायमाझीका अनुसार लिटल राधाकृष्ण प्रतियोगितामा नाम दर्ता गर्न कुनै शुल्क लगाइएको छैन ।

मेलाको थाहा नगरपालिका, बजार व्यवस्थापन समिति शिखरकोट, शिखर क्लब, गोपाली समाज, नवजागृत पुस्तकालय, फरकसोच, दामन चेली समाज र ब्याडमिन्टन संघ थाहा नगरपालिका आयोजक रहेका छन् ।

मेलाको मुख्य प्रायोजक यति ब्रुअरी र अर्ना रहेको छ । मेलालाई प्रचार प्रसारमा विशेष सहयोग गर्नका लागि अफिसियल मिडियाहरू समेत तोकिएका छन् । पालिका प्रेस डटकम, थाहापाटी, थाहा टाइम्स, रेडियो दामन, सत्मार्ग मिडिया र टिम टेलिभिजन मेलाका अफिसियल मिडिया हुन् । बिगतका वर्षमा भन्दा यो वर्ष बिशेष चहलपहल हुने अनुमान गरिएको छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना


उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# चन्द्र शमशेरको पलामा बनेको चित्लाङको पौवा पुर्ननिर्माण पश्चात् 'चिटिक्क'

◆ विकास संवाददाता



चन्द्र शमशेर राणाको पालामा निर्माण भएको कलात्मक पौवा अर्थात पाटी पुर्ननिर्माण पश्चात् चिटिक्क भएको छ । मकवानपुर थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङमा रहेको करिब ५० हात लम्बाइ भएको पौवा पुर्ननिर्माण गरिएको हो । वि.सं. २०७२ सालको भूकम्पले चिरा, चिरा बनाएको उक्त पौवाको पुरातत्व विभागले करिब ३ करोड रूपैयाँ खर्च गरेर जीर्णोद्धार गरेको हो ।

जीआर कन्स्ट्रक्सन निर्माण कार्य गर्नुअघि क्षमापूजा गरेर जीर्णोद्धारको कार्य प्रारम्भ गरेको थियो । तीनवटा गजुर भएको शिवालय पनि पाटी नजिकमै भएको र पाटीभित्र नाग र मुसा रहेकाले क्षमा पूजा गरेर काम सुरू गरेको निर्माण व्यवसायी धर्म महर्जनले बताए । यसअघि संरक्षणको अभावमा उक्त पाटीका चारै सुर भत्किनुको साथै सर्प र मुसाको घर बनेको थियो । केही वर्ष उक्त पाटीमा प्रहरी बसेर गाउँको सुरक्षा पनि गरेका थिए । त्रिभुवन राजपथ निर्माण हुनुअघि हेटौंडाको चौकीटोलदेखि भैंसे, भीमफेदी, चित्लाङ र चन्द्रागिरीमा दर्जनौं पाटी र पौवा निर्माण गरिएका थिए । बटुवालाई बास बस्न र आराम गर्नका लागि ती पाटी र पौवा बनाइएका थिए । त्रिभुवन राजपथ बन्नुअघि हेटौंडाको चौकीटोल, भैंसे, भीमफेदी, चित्लाङ र चन्द्रागिरीहुँदै काठमाडौं उपत्यका आवतजावत गर्ने गर्थे । उपत्यका प्रवेश र हेटौंडालगायत तराई क्षेत्र एवं भारततर्फ जाने मुख्य नाका यही थियो । उपत्यकाबाट बाहिरिने र भित्रिने बटुवा २४ सै घण्टा हिँड्थे । राजपथ निर्माण भएपछि पैदल हिँडेर उपत्यका आवतजावत गर्ने प्रचलन पनि हरायो र पाटी पौवाको संरक्षणको अभावले नासिएर गए ।

हेटौंडाको चौकीटोलदेखि चन्द्रागिरिसम्ममा रहेका करिब ३ दर्जनभन्दा बढी पौवा रहेका थिए । अधिकांश पाटी पौवा संरक्षणको अभावले भत्किइसक्यो तर चित्लाङको पौवा पुरानै अवस्थामा पुनर्निर्माण गरिएको स्थानीयवासी बुद्धरत्न मानन्धरले बताए । 'यो पौवा अहिले त्यतिबेलाको बटुवा आवतजावत गर्ने जिउँदो इतिहासको साक्षी बन्न पुगेको छ,'–मानन्धरले भने ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ

फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरमा बानियाँले भने-अशान्त मनले कहिल्यै विकास हुँदैन

◆ विकास संवाददाता

नेपाली काँग्रेस बागमती प्रदेश सभापति इन्द्र बहादुर बानियाँले मानिसको अशान्त मनले कहिल्यै विकास संभव नहुने बताए । सभापति बानियाले जीवनका भोग्नुपर्ने अनेक कुरा मध्ये अभाव पनि एक भएको र अभावबाट नै तनाब सुरू हुने उल्लेख गरे । थाहा नगरपालिका वडा नम्बर २ मा भएको तीन महिने लामा तथा मणिपा प्रशिक्षण शिविरको समापन समारोहमा बानियाँले यस्तो बताएका हुन् । प्रशिक्षण नेपाल अहिंसाबादी बौद्ध धर्म विश्व शान्ति चक्र संघको आयोजना तथा मणीपा संघ फेदिगाउँको सहआयोजनामा भएको हो ।

उनले अशान्त मनहरूलाई शान्त पार्न नै भगवान बुद्धका वाणी र शिक्षा आवश्यक रहेको उल्लेख गर्दै कार्यक्रमबाट शिक्षित ब्यक्तिहरूले प्राप्त शिक्षाद्वारा समाजमा ज्ञान फैलाउन र सभ्य समाज निर्माणमा भुमिका खेल्न बानियाँको विश्वास छ । ६ भाद्रमा भएको समापन समारोहमा थाहानगर प्रमुख विष्णु बहादुर बिष्टले सबै धर्म, संस्कृतिको संरक्षणमा लागि पर्न थाहा नगरपालिका प्रतिवद्ध रहेको बताए ।

कार्यक्रममा थाहा नगर वडा नम्बर २ का अध्यक्ष बम बहादुर सिन्तानले २ नम्बर वडाको सडक योजनाको लागि आवश्यक समन्वय गर्नको लागि आव्हान गर्दै काँग्रेस प्रदेश सभापति बानियाँतर्फ इङ्कित गरे । नेपाली काँग्रेस बागमती प्रदेश सभापति तथा प्रदेश सांसद इन्द्र बहादुर बानियाँको प्रमुख आतिथ्यता तथा मणीपा संघ फेदिगाउँका अध्यक्ष वीर बहादुर मोक्तानको अध्यक्षतामा सम्पन्न समारोहमा नेपाल अहिंसाबादी बौद्ध धर्म बिश्वशान्ति



चक्र संघका केन्द्रिय महासचिव गुरू प्रेम दोर्जे बल लामाको विशिष्ठ आतिथ्यता रहेको थियो।

कार्यक्रममा नेपाली काँग्रेस मकवानपुर जिल्ला सभापति बुद्ध लामा, नेकपा एमाले नगर इन्चार्ज बिमल ढकाल, एकीकृत समाजवादीका नगर अध्यक्ष सुरेन्द्र मगर, वडा नम्बर ५ का अध्यक्ष बिष्णु बहादुर गुरूङ, ७ का अध्यक्ष शिवराज थिङ, कार्यपालिका सदस्य सविता सुनार, रितु कार्कीलगायत लामा गुरूहरू, आनीहरू तथा स्थानीयको उपस्थिति रहेको थियो ।

समस्त प्राणीको उद्दार, राष्ट्रको कल्याण, बिश्व शान्ती तथा आफ्नो भाषा, लिपि, धर्म, संस्कृतिको संरक्षण र विकासको लागि १२ जेठबाट फेदीगाउँ स्थित सामुदायिक भवनमा संचालन गरिएको प्रशिक्षणमा ६० जनाले सहभागिता जनाएका थिए ।

# पालुङ अस्पतालमा एमडिजिपी जरूरी

◆ विकास संवाददाता

थाहा नगरपालिका स्वास्थ्य शाखाले आर्थिक वर्ष २०८०/०८१ मा सम्पादित स्वास्थ्य कार्यक्रमको समीक्षा गरेको छ । शाखाले ५ र ६ भाद्रमा नगरपालिकाको सभाहलमा कार्यक्रमको आयोजना समीक्षा गरेको हो । समीक्षामा शाखा प्रमुख मेघराज बलामीले प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रममा थाहा नगरपालिका प्रमुख बिष्णु बहादुर बिष्ट, उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी तथा स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण बहादुर मिजार, स्वास्थ्य कार्यालय मकवानपुरका तथ्यांक अधिकृत भागिरथ प्रसाद रौनियारका साथै वडा अध्यक्षहरू, कार्यपालिका सदस्य र स्वास्थ्यकर्मीहरूको उपस्तिथि रहेको थियो ।

शाखा प्रमुख बलामीले नगर भित्र रहेका १२ वटा स्वास्थ्य संस्था, सहरी स्वास्थ्य केन्द्र, आर्युवेद औषधालय, तिलगंगा आँखा केन्द्र तथा निजि पोलिकिल्निक थाहा पोलिकिल्निक, अक्युपन्चर सेवासहित विद्यालय नर्सहरूको वार्षिक कार्यप्रगती तथा समीक्षा प्रस्तुत गरे । स्वास्थ्य केन्द्र हरूको अवस्था, बजेट र खर्चको अवस्था तथा भौतिक र वित्तीय प्रगति विवरणहरू समेत उनले प्रस्तुत गरेका थिए । यसका साथै औषधि तथा उपकरणको अवस्था, सेवाग्राहीलाई दिने सेवाको अवस्था, स्वास्थ्य केन्द्रले दिने सेवा सुबिधा खोप, सुत्केरी, गर्भपतन, परिवार नियोजनका तथा जनस्वास्थ्यको अवस्था विषयमा पालिका अन्तर्गतका १२ वटै स्वास्थ्य संस्थाका प्रमुखहरूले आआफ्नो प्रस्तुत गरेका थिए। दुईदिनसम्म सञ्चालन भएको समीक्षामा शाखा प्रमुख बलामीले समग्र पालिकाको प्रस्तुतिकरणमा चुनौतीको रूपमा पालुङ अस्पतालमा विशेषज्ञ सहितका एमडिजिपी मेडिकल अधिकृतबाट सेवा प्रवाह गर्न जरूरी रहेको बताए । सामाजिक आर्थिक, शैक्षिक अवस्थालाई सुधार परिवर्तन तथा नियन्त्रण गरेर स्वास्थ्य रक्षा र सुधार गर्न स्वास्थ्य प्रवर्द्धन कार्यक्रममा जोड दिदै आधुनिक स्वास्थ्य शिक्षा सामाग्रीहरूको आवश्यकता रहेको बताए ।

घरमा सुत्केरी शुन्य गर्न एम्बुलेन्स सेवा निःशुल्क गर्नुपर्ने, प्रसुती प्रतीक्षालय निर्माण गरि बस्ने कक्षको व्यबस्थापन गर्नुपर्ने शाखाको आगामी चुनौती रहेको बताउदै नगरका १० स्वास्थ्य संस्थाहरू मापदण्ड अनुसारको भवनमा रहेको, क्लिनिक, वर्थिङ सेन्टर सबै स्वास्थ्य संस्था १२ वटै वडामा रहेको, अक्सिजन प्लान्ट सुरू गरिएको, पुर्ण खोप पालिका घोषणा, घरमा शून्य सुत्केरी घोषणा कार्यक्रमसहित गुणस्तरीय खोप सेवाको लागि १० स्थानमा आइएलआरको व्यबस्था रहेको सकारात्क सूचकहरू सुनाए ।

बलामीले १२ वटा स्वास्थ्य संस्थाका प्रमुखहरू, निजि स्वास्थ्य संस्थाका प्रमुख र विद्यालय नर्सले जनताको आधारभुत आवश्यकता माथी ध्यान दिन वडा अध्यक्षहरूको ध्यानाकर्षण गरेका थिए । वार्षिक समिक्षा कार्यक्रममा नगर प्रमुख बिष्णु बहादुर बिष्टले वार्षिक रूपमा गरेको कामको समीक्षासंगै स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिए । उनले आमनागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै राज्यले प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र अवधारणा अगाडि सारेको बताए । विष्टले आमनागरिकले स्थानीय तहमै औषधी उपचार पाउन भनेर थाहाको प्राथमिक स्वास्थ्य केन्द्रलाई स्वास्थ्य बीमाको पहिलो विन्दुको रूपमा स्थापित गरेको बताए । नगर उपप्रमुख भरत गोपालीले थाहा नगर पालिका भित्र रहेको स्वास्थ्य संस्थाहरूप्रती नागरिकको विश्वास बढाउन सबैको पहलहुनुपर्नेमा जोड दिए ।


## विपद व्यवस्थापनमा सहयोगी बनौं !

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत र हौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेर विचार र संरक्षण गरौं,
- उद्दार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

सामाजिक सुरक्षा भत्ता परिचय पत्र
नविकरण सम्बन्धी अत्यन्त जरूरी सूचना




सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिका अन्तर्गतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई मिति : २०८१ ०४ ०१ गते देखि भाद्र मसान्त भित्र आफ्नो सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण गर्नु/गराउनु हुन अनुरोध छ । भाद्र मसान्तभित्र आफ्नो सामाजिक सुरक्षा भत्ता परिचय नविकरण नगराएमा प्रणालीबाट स्वत: लगत कट्टा हुने र त्यस्ता लाभग्राहीहरुले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यवस्था रहेको समेत जानकारी गराईन्छ ।

परिचय पत्र नविकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकोले विवरण दर्ता गराउनु भएको लाभग्राहीहरुले आवश्यक कागजात सहित राष्ट्रिय परिचयपत्र नम्बर वा आवेदन फारम पेश गर्नुहुन साथै विवरण दर्ता नगराएका लाभग्राहीहरुले जिल्ला प्रशासन कार्यालयमा गई विवरण दर्ता गराउन हुन जानकारी गराईन्छ । तोकिएको समयमा राष्ट्रिय परिचय पत्र नम्बर सहित Biometric Verification नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने व्यहोरा अनुरोध छ ।

पुनश्च : बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचय पत्र विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा जानकारीको लाग अनुरोध छ ।

थप जानकारीका लागि थाहा नगरपालिका एम.आइ.एस. सेवा इकाइ थाहा नगरपालिका वा वडा कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।





● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी